म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २४४ २०८१ साउन १२ गते शनिबार 27 July 2024, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## पहिरोले पुरिएर ३ जनाको मृत्यु

हेटौंडाः रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका-६, फर्पुमा पहिरोमा पुरिएर ३ जनाको मृत्यु भएको छ । बिहीबार बेलुका ८ बजेर ५० मिनेटको समयमा बिमान तामाङको घरमाथिबाट खसेको पहिरोले पुरिएर घरभित्र रहेका ३ जना बेपत्ता भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

पहिरोले पुरिएर बिमान तामाङको १८ वर्षीया छोरी सीता तामाङ, छिमेकीको १५ वर्षीया छोरी आशिका दोङ र १३ वर्षीया लक्ष्मी तामाङको मृत्यु भएको थियो । पहिरो खसेर मानिस पुरिएको खबर प्राप्त हुनासाथ प्रहरी टोली खटिएर खोजतलास गर्दै जाँदा बिहीबार राति १० बजेर १५ मिनेटको समयमा ३ नै जना घटनास्थलमा मृत फेला परेको प्रहरीले जनाएको छ ।

### मन्त्रिपरिषद् विस्तारका कारण कांग्रेसमा रडाको

## कसको इसारामा चल्दैछन् मुख्यमन्त्री लामा ?

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको मन्त्रिपरिषद् विस्तारको विषयमा कांग्रेसभित्र चरम असन्तुष्टि देखिएको छ । कांग्रेसभित्रको असन्तुष्टिका कारण मुख्यमन्त्री बहादुर सिं लामा नेतृत्वको सरकारले पूर्णता पाउन सकेको छैन ।

बुधबार नै मन्त्रिपरिषद्लाई पूर्णता दिने तयारी गरे पनि कांग्रेसभित्रको असन्तुष्टिका कारण ६ मन्त्रालयको भारी मुख्यमन्त्री लामाको काँधमा परेको छ । विभागविहीन ३ र ६ विभागीय जिम्मेवारीसहितका मन्त्री लिएर कांग्रेस एमाले गठबन्धनको सरकारको नेतृत्व गरेका लामाको निर्णायक क्षमता भने कमजोर देखिएको छ ।

मन्त्रालयलाई पूर्णता दिन नसक्नु, मन्त्री व्यवस्थापन गर्न नसक्नु, मन्त्रीको नियुक्ति र सपथग्रहण पटक-पटक प्रभावित बन्दै स्थगित हुँदा मुख्यमन्त्री लामाको निर्णायक क्षमतामाथि प्रश्न उठेको हो । लामाले निर्णायक क्षमता राख्न नसक्दा २ पटकसम्म मन्त्रीहरुको सपथग्रहण रोकिन पुगेको थियो । बुधबार ६ मन्त्रीको सपथग्रहण गराउने तयारी गरे पनि आकांक्षीहरु बढी भएकाले विवाद भएको थियो । मन्त्रीको नामावलीमा निरन्तर फेरबदल भएपछि अन्ततः मुख्यमन्त्री लामा र एमालेका मन्त्रीहरुले मात्र सपथग्रहण गर्ने तयारी भएको थियो ।

कांग्रेसबाट मुख्यमन्त्री लामाले मात्र सपथग्रहण गर्ने भएपछि विवाद समाधान गर्न सपथग्रहणस्थलमा नै केहीबेर अलमल गरेर ३ मन्त्रीको सपथ गरिएको थियो । उनीहरुको जिम्मेवारी अझै तोकएको छैन । कांग्रेसले बिहीबार मन्त्री थप गरेर सपथग्रहणको तयारी गरे पनि मन्त्री नियुक्तिमा विवाद हुँदा अन्तिम समयमा स्थगित भएको थियो । बिहीबारमात्र मुख्यमन्त्री लामाले कांग्रेसका ४ मन्त्रीलाई नियुक्त गरेर सपथग्रहण गराउन खोजेका थिए । मन्त्रीहरुको जिम्मेवारी, भागबण्डा र मन्त्रालयको संख्याको विवाद हुँदा सपथग्रहण नै रोकिएको थियो ।

त्यसपछि कांग्रेसभित्रको विवाद थप चुलिएको थियो भने मुख्यमन्त्री लामा विवाद मिलाइदिन गुहार माग्न केन्द्रको शरणमा पुगेका थिए । केन्द्रले पठाएका सांसदलाई मन्त्री बनाउने गरी मुख्यमन्त्री लामा शुक्रबार गृहजिल्ला नुवाकोटको औपचारिक कार्यक्रममा सहभागी भएका थिए भने सोपश्चात् काठमाडौं जाने र कांग्रेस सभापति शेरबहादुर देउवालाई भेटेर प्रदेशको अवस्था, पार्टीभित्रको विवादबारे जानकारी गराउने कार्यक्रम रहेको छ ।

### कसको इसारामा चल्दैछन् मुख्यमन्त्री लामा ?

गत साउन ८ गते मंगलबार मुख्यमन्त्री नियुक्त भएका लामा पार्टी निर्देशनअनुसार चल्न नसकेको देखिन्छ । मुख्यमन्त्री नियुक्त भएलगत्तै लामा कांग्रेस प्रदेशको शक्तिकेन्द्र हेटौंडा-२ स्थित सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'को हातबाट बधाई लिन पुगेका थिए । सोपश्चात लामाले निरन्तर डिनाको सम्पर्कमा रहेर मन्त्रीहरुको नियुक्तिमा छलफल गरेका थिए ।

नियुक्तिकै दिन डिनासहित पार्टी प्रवक्ता प्रकाशशरण महतसँग बैठक बसेर मन्त्रीको नामावली तयार गरेका लामाले आफूसँगै १२ मन्त्रीलाई सपथग्रहण गराउने तयारी गरेका थिए । विवाद हुने डरले पत्रकारहरुबाट पनि गोप्य राखिएको मन्त्रीको नाम केन्द्रको निर्देशनभन्दा फरक परेपछि कांग्रेसका मन्त्रीहरुको सपथ नहुने अवस्थामा पुग्यो ।

केन्द्रबाट तयार गरेको नामअनुसारको मन्त्रीको लिष्टमा मंगबलार राति र बुधबार फेरबदल भएपछि नियुक्तिका विषयमा विवाद भएको कांग्रेसका एक मन्त्रीले बताउनुभयो । केन्द्रबाट प्राप्त मन्त्रीको नाममा मंगलबार राति पहिलो संशोधन र बुधबार बिहान दोस्रो पटक संशोधन भएको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार मंगलबार सहमहामन्त्री डिना र प्रवक्ता महतले संशोधन गरेको नाममा बुधबार डिना एक्लैले हस्तक्षेप गरेकी थिइन् । आफूअनुकूल नेताहरुले मन्त्री थपघट गरेको उहाँले बताउनुभयो । सुरुवतामा डिना र महत अनुकूलतामा काम गरेका मुख्यमन्त्री लामा क्रमशः विभिन्न चरणमा अन्यबाट प्रयोग हुँदै गए । मन्त्री नियुक्ति र सांसद व्यवस्थापन तथा आफ्ना मान्छे मन्त्री बनाउन नेताहरु लागिपरेपछि उनीहरुको अनुकूलतामा मुख्यमन्त्री लामा अघि बढेका थिए ।

कांग्रेसको बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको पक्षमा लचक भएर मन्त्री नियुक्त गरेको बुधबार र बिहीबारको राजनीतिक घटनाले देखाउँछ भने डिना र महतले लामालाई प्रयोग गरेको मन्त्रीको नामावली र नियुक्तिले प्रष्ट हुन्छ । बुधबार लामाले नियुक्त गरेका ३ मन्त्रीमध्ये सबै सभापति देउवा पक्षका छन् । शेखर कोइराला पक्षलाई उपेक्षा गरेर बुधबार सभापति देउवाको पक्षबाट मतहको कोटामा कुन्दनराज काफ्ले र श्यामबहादुर खड्का मन्त्री नियुक्त भएका थिए भने डिनाको कोटामा मधुकुमार श्रेष्ठ नियुक्त भएका थिए ।

सोही दिन डिनाको कोटामा समिता खड्गी मन्त्री बन्ने निश्चित थियो भने महतको कोटामा उर्मिला नेपाल र बानियाँ कोटामा मिनकृष्ण महर्जन मन्त्री बन्ने तयारी थियो । विवाद भएपछि उनीहरुको नियुक्ति नै रोकिएको थियो । बिहीबार भने मन्त्री नियुक्तिमा प्रदेश सभापति बानियाँको कोटा बढी देखियो । बानियाँ कोटामा प्रभात तामाङ र मिनकृष्ण महर्जनलाई मन्त्री नियुक्त गरिएको थियो । सोही दिन सभापति देउवाको कोटामा बिमल ठकुरी र शेखर कोइराला कोटामा सुरजचन्द्र लामिछाने मन्त्री नियुक्त भएका थिए ।

पछिल्लो समय कांग्रेस संसदीय दलको प्रस्तुतिलाई लिएर मुख्यमन्त्री लामा प्रदेश सभापति बानियाँप्रति आशावादी देखिएका थिए । केही निर्णायक भूमिकामा सभापति बानियाँको सहयोगमा काम गरेका लामा मन्त्री नियुक्तिका विषयमा पनि सहयोग चाहिरहेका थिए । यता सहमहामन्त्री डिनाको सचिवालय र टिम नै मुख्यमन्त्री लामाको निर्णायक भूमिकामा सहयोगी बन्दै आएको छ । मन्त्री नियुक्तिमा पनि सो टिम सक्रिय भूमिकामा देखिएको थियो ।

## विद्युतीय प्रणालीबाट वन पैदावार बिक्रिको तयारी

समाज संवाददाता

हेटौंडाः बामगती प्रदेश सरकारले विद्युतीय प्रणालीबाट वन पैदावार बिक्रिको तयारी गरेको छ । प्रदेशको वन तथा वातावरण मन्त्रालयले वन पैदावर (काठ दाउरा) को बिक्रि विद्युतीय प्रणालीबाट गर्नेगरी अघि बढेको हो ।


प्रदेशका नवनियुक्त वन तथा वातावरण मन्त्री कृष्ण प्रसाद सिलवालले पदबहाली गर्दै वन पैदावर (काठ दाउरा लगायत) बिक्रिका लागि विद्युतीय माध्यमको प्रयोग गर्ने निर्णय गरेसंगै मन्त्रालयले सोको प्रक्रिया थलेको हो । मन्त्रालयले वन पैदावार प्रणाली बिक्रि पूर्ण प्रतिस्पर्धात्मक र राजस्व संकलनलाई पारदर्शी बनाउने उद्देश्य अनुसार विद्युतीय माध्यमको प्रयोग गर्ने कार्यको थालनी गरेका हो ।

मन्त्री सिलवालको उक्त निर्णय कार्यान्वयनका लागि कानुनी व्यवस्थाहरुको अध्ययन तथा परामर्शमा मन्त्रालय जुटेको मन्त्रालयका सचिव धिरेन्द्र प्रधानले जानकारी दिए । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ मा सार्वजनिक खरिदमा विद्युतीय संचार माध्यमको प्रयोगबाट खरिद कारोबार हुन सक्ने कानुनी प्रावधान रहेकाले सोही आधारमा अघि बढ्ने उनको भनाई छ ।

हालसम्म सार्वजनिक खरिद ऐनले खरिद गर्ने मात्र व्यवस्था गरेको सार्वजनिक बिक्रि प्रणालीमा समेत विद्युतीय माध्यमको प्रयोगका लागि आवश्यक नीतिगत सुधार गर्न खोजिएको उनको भनाई छ । उक्त निर्णयबाट लिलाम प्रक्रिया पारदर्शी र विश्वासनीय हुने र राजस्व चुहावट नियन्त्रण भइ राज्य कोष वृद्धिमा सहयोग पुग्ने सचिव प्रधानले बनाए । उनका अनुसार सो कार्यबाट प्रचलित वन सम्वन्धी कानूनमा आवश्यक संशोधनको प्रक्रिया अघि बढनेछ ।

'वन क्षेत्रबाट उत्पादन भइ व्यापारिक एवम् व्यवसायिक प्रयोजनको लागि लिलाम गर्दा विद्युतीय संचार माध्यमको प्रयोग गर्दा लिलाम प्रकृयालाई पूर्ण प्रतिस्पर्धी हुनेछ । विचौलियाहरुको संलग्नतामा कमी हुनुको साथै राजस्वमा संकलनमा सुधार आउनेछ ।' उनले भने, 'वन पैदावारको लिलाम प्रकृयामा नागरिकहरुलाई स्पष्ट र विश्वासनीय बनाउन सकिने देखिन्छ ।'

उक्त कार्यका लागि मन्त्रालयले चालु आर्थिक वर्षको बजेटमा रकमको व्यवस्था गरेको मन्त्रालयले जनाएको छ । हाल वन क्षेत्रबाट उत्पादन हुने काठ दाउरा लगायतका वन पैदावार सिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बढाबढ गरी बिक्रि गरिदै आएको छ । हाल वन नियमालली २०७९ को नियम २५ को उपनियम (१) मा व्यापारिक एवं व्यावसायिक प्रयोजनका लागि काठ दाउरा लिलाम गर्दा पूर्ण प्रतिस्पर्धाको आधारमा गर्नुपर्ने र वन नियमालली, २०७९ को नियम २५को उपनियम ((क) लिलामको सूचना तत्काल सम्बन्धित कार्यालय, प्रदेश मन्त्रालय र निर्देशनालयको वेबसाइटमा राख्नु पर्ने व्यवस्था अनुसार कार्य सम्पादन हुँदै आएको छ ।




## बुधबार मृत भेटिएका दम्पत्तिको पोष्टमार्टम

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, भैरवरोडस्थित घरमै मृत भेटिएका दम्पत्तिको पोष्टमार्टम गरिएको छ । शुक्रबार चितवनस्थित भरतपुर अस्पतालमा श्रीमान श्रीमती दुबैको शव पोष्टमार्टम भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक प्रकाश शाहले जानकारी दिनुभयो ।

बुधबार दिउँसो ४ बजेर ४५ मिनेटको समयमा ६२ वर्षीय केशव भण्डारी र श्रीमती ५६ वर्षीया अम्बिका भण्डारी मृत भेटिएका थिए । श्रीमतीको धारिलो हतियार प्रयोग गरी हत्या भएको जस्तो अवस्थामा र श्रीमान झुण्डिएको अवस्थामा मृत भेटिएका थिए । दुबै जनाको दुई दिनपछि पोष्टमार्टम भएको हो ।


बुधबार नै शव पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा लगिएकोमा पोष्टर्माटम गर्ने फरेन्सिक डाक्टर नभएपछि बिहीबार चितवनमा रेफर गरिएको प्रहरी निरीक्षक शाहले बताउनुभयो । शवको शुक्रबार पोष्टमार्टम भएपनि त्यसको रिपोर्ट केही दिनमा मात्र आउने उहाँले बताउनुभयो ।

पोष्टमार्टम रिपोर्ट आएपछि मात्र घटनाबारे थप तथ्य पत्ता लाग्ने उहाँको भनाइ छ । मृतक श्रीमान र श्रीमतीका ३४ वर्षीय छोरा दीपक भण्डारीले बिहीबार जिल्ला प्रहरी कार्यालयमा अनुसन्धान गरी पाउँ भनी जाहेरी दिएका छन् ।



# आधुनिक घर

कथा



बिनिता सुवेदी

खचाखच मान्छे भरिँदै गए पार्टी प्यालेसको ठूलो हलभित्र । एकपछि अर्को गर्दै मान्छेहरु म फलानो भन्दै खादा र टिका लगाइदिँदै बधाई दिँदै थिए, नयाँ वैवाहिक जीवनका लागि । त्यसरी आउने मध्ये ९९ प्रतिशत मान्छे चिन्दिन उ तर नयाँ बेहुलीको लज्जा सहितको मुस्कानले सबैको बधाइको जवाफ दिन्छे । "उहाँ हाम्रो नजिकको आन्टी पर्नुहुन्छ" भन्दै चिनाए श्रीमान्ले । आण्टीले खादा लगाइदिँदै भनिन् "असाध्यै भाग्यमानी रैछेउ, यस्तो आधुनिक घरमा बुहारी हुन पायौ । लाउन, खान केहि कुरामा रोकतोक छैन, मन लागेको गरेर बस्न पाउँछेउ ।"

आफु भन्दा पहिले बिहे भएका साथीहरुको अनुभव सुन्दा बिहे गर्नै डराएकी थिई उनी । केहि समय त बिहे गर्ने विचार नै त्यागिसकेकी थिई । तर, साह्रैं राम्रो सम्पन्न घरपरिवार, अनि असल केटाको कुरा आएको भन्दै आमाबुवाले लगभग कर नै गर्नुभयो यो प्रस्ताव स्वीकार गर्न । आखिर दुबैको उमेर उस्तै थियो, दुवै जना जागिर गर्थे । आत्मविश्वास भरिएको थियो । सपनाहरु थिए भविष्यलाई लिएर । महत्वाकांक्षा थियो केहि गर्छु जीवनमा भन्ने । प्रारम्भिक भेटघाटपछि कुरा हुँदै जाँदा दुबैले एक अर्कालाई मन पराए । अनि विवाह निश्चित भयो । उसका साथीहरुले डाहा गरेका थिए । जब उसले बिहेको लुगा, गहना सबै उसैलाई रोजाएर सँगसँगै किनमेल गर्न केटा पट्टिले बोलाएको खबर साथीहरुलाई सुनाएकी थिई । चलिआएको भन्दा अलग अनि खुला व्यवहार भएको घर परिवारसँग जोडिन पाउँदा उ स्वयम् पनि खुसी थिई ।

"ए बुहारी, के सम्झेर टोलाएकी" भन्दै सासुले झक्झक्याइन् । ऊ मिठो स्मृतिमा कतै हराइरहेकी रहिछ । "तिमीलाई पनि भोक लाग्यो होला, आउ अब हामी परिवारसँगै बसेर खाऊँ अरुले खाइसके", भन्दै सासुले डोऱ्याएर एउटा टेबलमा लागिन् । ससुरा, श्रीमान्, नन्द, जेठाजु-जेठानी सबै पहिले नै टेबल वरिपरि बसिसकेका थिए । सबैको हातहातमा वाइन भरिएका ग्लास थिए । नन्दले आफु छेउको खाली कुर्सी देखाउँदै बस्न आग्रह गरिन् । अनि बस्ने बित्तिकै वाइनको एउटा ग्लास ऊतिर तेर्स्याईन् ।

अरुले खाँदा उसलाई आपत्ति थिएन तर ऊ आफु नखाने मान्छे त्यसैले विनम्रतापूर्वक पिउन इन्कार गरिदिईन् । उसको इन्कारी देखेर नन्दले कर गर्ने शैलीमा भनिन् "आजकाल त सबैले खान्छन् भाउजु, अरु बेला नाखाए पनि पार्टीमा त खानु पर्छ, नत्र त पाखे भईन्छ ।" सासु-ससुरासहित घरका सबै सदस्यले हो मा हो थपे । श्रीमान्ले पनि "हेर यसरी आफ्नै अगाडि बुहारीलाई वाइन खाऊ भन्ने सासु-ससुरा त भाग्यमानीले मात्र पाउँछ । यस्तो स्वतन्त्र परिवार पाउँदा पनि के नाई नास्ती गर्छेउ ? कमसेकम एक ग्लास त खाइदेउ" भने । मन नलागी नलागी उसले नन्दले आफ्नो अगाडि सोझ्याएको वाइनको ग्लास समाती । सबैले खुसी हुँदै उसको र उसको श्रीमान्को नाममा ग्लास उठाएर चियर्स गरे । ग्लास मुख नजिकै लगेर एक घुट्को मात्र के लिएकी थिई सासुले भनिन, "अब तिमीले छिट्टै नजिकै सरुवा मिलाउनुपर्छ, केटि मान्छेको यसै पनि के नै काम हुन्छ र अफिसमा, बिहान-बेलुका घर हेरेर दिउँसो यस्सो अफिस गए भैहाल्छ ।" श्रीमान्सहित घरका बाँकी सदस्यले स्वीकारोक्तिमा मुन्टो हल्लाउँदै आधुनिकताको अर्को पेग थपे । ऊसले अघि मुखमा हालेको घुट्को निल्न खोजी तर त्यो आधुनिक झोल गएर उसको छातीमा कतै अड्कियो अनि भत्भति पोल्न थाल्यो ।

# मुक्तक



नम्रता पराजुली

१
सधैंभरि तिमीसँग बिताएको
रमाइलो पल सम्झन्छु
पीडामा छटपटिँदा तिमीले सान्त्वना दिँदै गरेको
फोन कल सम्झन्छु

समस्याको पहाडले हामीलाई
बेलाबेलामा थिचिदिँदा
शान्त हुँदै हामीले समाधानको
बाटो खोज्दै गरेको छलफल सम्झन्छु

२
सानो छ तर मुटु जस्तो प्यारो मेरो देश छ
पुर्खाको रगतले सजिएको सानो अवशेष छ

संस्कृति मिलनको नमुना बनेको छ नेपाल
हाम्रो संविधानको धारामा सबैको भावना समावेश छ ।

*कक्षा-८, अमर मावि, हेटौंडा-१*

# कति राम्रो हाम्रो देश



हमिस कोइराला

चार जात ३६ वर्णको फूलबारीको
कति राम्रो हाम्रो भेष यो संसारभरिको

हिमालको चुचुरोको नाम सगरमाथा
विश्वलाई चिनाउने वीर नेपाली गाथा

तराईको हरियाली जङ्गलमा मृग नाचेको छ
पहाडको डाँडाकाँडा गुरास हाँसेको छ

दु:ख गर्छन् किसानले तराईको फाँटमा
पहाडका साथीसँग कोदाली छन् हातमा

नेपालीलाई चिनाउन जन्मे गौतम बुद्ध
विश्वभरको मानिसको मन भयो दङ्ग

संसार कै राम्रो हाम्रो सानो देश
आफूभन्दा प्यारो लाग्छ मलाई मेरै देश

*कक्षा-६, कमाने एकेडेमी, हेटौंडा-८*

# सजीव वस्तु

लघुकथा



सुरुचि तिमल्सिना

रामे एक धनी परिवारको एक्लो छोरा थियो । उ कक्षा १० मा अध्ययन गर्दै थियो । ऊ कक्षामा कहिले ध्यान दिँदैनथ्यो । हल्ला नगर भनेको सुन्दैनथ्यो । शिक्षकले उसलाई कराउँदा टेर्दैनथ्यो ।

यो सर कति कराउँछ ! पढेर के हुन्छ ? मेरो बाउको सम्पत्ति छँदैछ । सरलाई के टाउको दुखाइ भनेर सोच्दै थियो । समय बित्दै गयो । उसले परीक्षा दिएर परीक्षाको नतिजा प्रकाशित भयो तर ऊ अनुत्तीर्ण भयो । उसको साथमा कोही भएन । उसलाई उसले बाउको सम्पत्ति पनि पाएन । पायो त केवल सबैबाट घृणा ।

त्यसपछि रामेलाई आफ्नो गुरुले भनेका कुराहरु याद आउन थाल्यो । मैले पनि गुरुको कुरा मानेको भए आज केही पढ्न सक्थेँ हुँला ।

*कक्षा-९, सत्यम जेभियर्स माध्यमिक विद्यालय, हेटौंडा-४*

# प्यारो साथी

पुस्तक समीक्षा




प्रसिद्धि लामिछाने

मैले पढेको पुस्तकको नाम प्यारो साथी हो । यस पुस्तकका लेखक प्रविना चित्रकार हुन् । यस पुस्तकको प्रकाशन मिति २०६६ हो । प्रथम पटक प्रकाशन हुँदा ४००० प्रति छापिएको थियो । दोस्रो प्रकाशन मिति २०७२ हो । दोस्रो पटक २००० प्रति छापिएको थियो । पुन: मुद्रण २०७६ वैशाखमा भएको हो । यसपटक १००० प्रति छापिएको थियो ।

यस पुस्तकमा १६ पृष्ठ संख्या छन् । यस पुस्तकको मूल्य ११५ रहेको छ । यस पुस्तकमा प्यारो साथीको बारेमा लेखिएको छ । सबै केटाकेटीमा केही न केही गर्न सक्ने क्षमता हुन्छ । त्यसैले एकले अर्कोलाई हेला गर्नु हुँदैन । अवसर पाए सबैले गरेर देखाउन सक्छन् भन्ने सन्देश यो कथाले दिएको पाइन्छ ।

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

# चित्रकला





रियाङ्शा सिन्तान
कक्षा-७, फेमकोल एकेडेमी,
हेटौंडा-१३





द्विपासना थापा
कक्षा:- १०, जिएस निकेतन
हेटौंडा-५





सुयोग श्रेष्ठ
कक्षा:-५, ब्रम्हदिक् एकेडेमी
हेटौंडा-४





दिपसन अर्याल
कक्षा:- ६, सोलिड्यारिटि ईन्टरनेशनल
एकेडेमी स्कूल, हेटौंडा-१०

# टुक्का



कृष्ण कुमार वैद्य

बताए, सिकाए देखाए जगतका अनेक धारा,
जसले जसरी जति ज्ञान दिए ती गुरु हुन् सारा ।

भेद गर्दैन जो सबको भलाइमा बाँड्दछ ज्ञान,
उनै हुन् सच्चा गुरु युगका सर्वत्र पुज्य महान ।

झरी बादल चिस्यान सबथोक हुन्छ बर्सातमा,
प्रकृतिको नियम हो, हुँदैन नि त हाम्रो हातमा ।

बाढी, पहिरो, डुवान अनेक विपत्ति आइलाग्ने,
अघिपछि सुत्छ विकास बर्सात भएपछि जाग्ने ।

माला नलाए प्रधानमन्त्री भनेर चिन्ने कसरी,
सरकार भएको आभाष दिन्छ जसरीतसरी ।

रोपाइँको चटारो जतातत‌ै लागिरके असार,
हरिया सबै हुँदैन धान केलाएर फानु झार ।

उन्नतिको बहानामा बिगारे भएको थातथलो,
गोरु चुट्ने बहाना जुराउन नअड्काउनु हलो ।

बालबालिका काममा लगाउने तोडिदेउ क्रम,
तिनको भविष्य सुनिश्चित गर रोक बालश्रम ।


धनीको राज चलाउने सपना बुन्छ सरकार,
गरिब मरि जाउन् शासकलाई छैन दरकार ।

कुकुरले चाटे खुसी हुने मान्छेले छोएमा रिस,
छुवाछूत भेदभाव, क्लेश शोषण गर्छन् रइस ।

वर्गीय मुक्तिले मात्र हट्छ छुवाछूत भेदभाव,
चेतनाको स्तर नउठ्दा ठिक ठाउँ पर्दैन पाव ।

*बनेपा-९, काभ्रे*

# मेरो देश यस्तो होस् !



सरोजप्रसाद साह

सत्ताको यो खेल समाप्त, दुःखको वनबास होस् ।
नारी पुरुष सबै सम्मानित, चरित्रवान समाज बनोस् ॥
बाल-बालमा देशप्रेम, चरित्रको श्रृंगार होस् ॥।
मेरो देश यस्तो होस् ॥॥२

समृद्धि र सरल किसानी, कृषकप्रति सम्मान होस् ।
युवा-युवामा देशको चिन्ता, नवयुगको सुरुवात होस् ॥
शिखर-शिखरमा नेपाली झण्डा, आत्मनिर्भर नेपाल बनोस् ॥।
मेरो देश यस्तो होस् ॥॥२

आधुनिक उद्योग र अर्थ, आधुनिक विज्ञान होस् ।
धर्म-धर्ममा भाइचारा, एकताको उडान होस् ॥
सुन्दरता र एकताले, अतिथिको सम्मान होस् ॥।
मेरो देश यस्तो होस् ॥॥२

हृदयभित्र देशबासीमा, मानवताको बास होस् ।
विश्वशान्ति र समर्थनले, विश्वको कल्याण गरोस् ॥
सिंहको भाती वीरता र, दिल सबैको साफ होस् ॥।
मेरो देश यस्तो होस् ॥॥२

आँधी जस्तो जोस सबैमा, पृथ्वी जस्तो आँट होस् ।
अन्तरिक्षमा नेपाली हलो, सत्यको बाटो साथ होस् ॥
युवा-युवामा जीतको दीपक, दयावान समाज बनोस् ॥।
मेरो देश यस्तो होस् ॥॥४

# वर्षा ऋतु आयो रे



दीपा न्यौपाने

कुइ्रा उजाडिएको वन हराभरा भयो रे
झयाउकिरीले साँझाको संकेत दिन थाली रे
बगैँचामा फुलहरु फल्दैछन् रे
बारीका तरकारीले पनि आस देखाउँदै छन् रे


गोरु बेचेर ट्याक्टर किन्दैछन् रे
सबैको खेतमा घाम बेच्ने तयारी हुँदैछ रे
किसानहरु गीत गाउँदै काम गर्छन रे
गाईवस्तु हरिया घास देखेर रमाउँदै छन् रे

सर्प र बिच्छीले बाटो छेक्दैछन् रे
हात खुट्टा भाँचिएको बिरामी बढ्दै छन् रे
अब त प्रकोपको डर बढ्दै छन् रे
मानिसहरु जोगिन पूर्व तयारीमा लाग्दैछन् रे

हिजो त ठुलो  पानी पर्यो अरे
बसपनि पहिरोले पुरीयो रे
यात्रा बनाएर पर्देशमा पगे अरे
कयौं मान्छे घाइते कयौं मरे अरे

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२*

# मुक्तक



श्रेया तिमल्सिना

जिवनको अन्तिम पलसम्म मलाई तिमी चाहिन्छ
अरु पाइन्छ जति नभनन् अचम्म! मलाई तिमी चाहिन्छ
तिम्रो आगमन बिनाको खुसीमा म कसरी हासौल
मेरो हरेक रमझममा मलाई तिमी चाहिन्छ

# हार्दिक स्वागत



जनार्दन खनाल

गुरुको अर्थ अँध्यारोलाई उज्यालो पार्नु हो
अज्ञानीलाई ज्ञानको मार्ग देखाई दिनु हो
हामीले मान्ने अनेकौं पर्वहरुका मध्येमा
मानिदैँ पनि आजको दिन श्री गुरु पूर्णिमा ।।

विभिन्न चाडपर्वले हाम्रो नेपाल गर्बिलो
विश्वमा अरु राष्ट्रका सामु नमुना दर्बिलो
सबैका गुरु श्रीवेद व्यास उनका सिर्जना
धार्मिक ग्रन्थ वेदको साथै अठार पुराण ।।

यीनले हामी मानव लागि श्री मार्ग दर्शन
पठन गर्दा नैतिकवान् मानव जीवन
सफल पार्ने उपाय साथै जिउँने तरिका
सुरुचीपूर्ण पाइन्छ स्वाद विभिन्न थरिका ।।

जिल्लामा हाम्रो गठन भयो निवृत्त शिक्षक
समाज राम्रो गर्दैछ हाम्रो सकेको उचित
समस्या माथि क्रमिक सँग यसले गर्दैछ
अपूर्ण काम पूर्णता दिन अगाडी बढ्दैछ ।।

यसले हाम्रो ग्रेडको अनि तालिम भत्ताको
त्यसको निम्ति राज्यको सामु माग छ राखेको
निवृत्त हामी शिक्षक ज्यूका धेरैको समस्या
भएको हल गर्दैछ भलो सुन्दर भविष्य ।।

बेलैमा कठै तलब भत्ता राज्यले नदिँदा
बारामा यौटा शिक्षक मित्र चिन्ताले मरेका
दशैंको ताक तलबहरु निकासा गर्नमा
ढिलाई गर्‍यो राष्ट्रले भनि गएका अर्थमा ।।

निशुल्क कोठा एउटा खोज्दा हामीले पाएनौं
इच्छुक हामी मिलेर भाँडा आफैंले तिर्दैछौं
शैक्षिक संस्थाहरुका खाली रहेको कोठामा
अफिस राख्न पाएमा हाम्रो जोगिन्थ्यो रकम ।।

यसमा ध्यान अवश्य जाओस् बौद्धिक वर्गमा
श्रीजन प्रतिनिधिमा हामी गर्दछौं याचना
परेमा खाँचो सम्झिनु होला निवृत्त तयार
दिउला सेवा सकेको जति पारौँला सुन्दर ।।

साहित्य कला संघ संस्था प्रति नगरपालिका
समान रुप विकास गर्न बनाई तालिका
श्री वृद्धि गर्दै जनताको लागि उकास्न जीवन
सम्पूर्ण प्रतिनिधिमा हामी गर्दछौ नमन: ।।

यो हाम्रो निम्तो स्वीकार गरी आउनेहरुमा
श्रद्धेय गुरु वर्गका साथै अतिथी अरुमा
मेयर हाम्रो हेनपा अन्य विविध व्यक्तित्व
सबैमा हाम्रो हृदयै देखि हार्दिक स्वागत ।।

*बकैया–४ छतिवन*




# साताको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**ः कुनै कामको सबल र दुर्बल पक्षमा ध्यान दिँदा राम्रो रहन्छ । नसोचिकन काम गर्दा नराम्ररी फँसिने डर रहन्छ । व्यापार–व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ । दौडधूपमा समय व्यतित होला । अध्ययन–अध्यापन ठिकै रहला । धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ । मानसिक एवम् बौद्धिक क्षमतामा कमी होला ।

**वृष राशि**ः खर्चमा वृद्धि होला । व्यक्तित्व विकास तथा भौतिक सुख सुविधा जुटाउन लागि परिएला । लक्ष्यप्रति गम्भिर भएमा हरेक काममा सफलता प्राप्त होला । व्यापार–व्यवसाय ठिकै छ । सहकार्यमा काम गर्दा सजगता अपनाउनु पर्ला । रोकिएको धन प्राप्त होला । पढाइ–लेखाइ ठिकै रहने समय योग छ ।

**मिथुन राशि**ः राजनीतिबाट लाभ प्राप्त होला । बन्दव्यापार र कारोबारमा वृद्धि हुनेछ । दौडधूपमै समय व्यतित होला । आफ्नै वृद्धि कौशल र बाहुबलको उपयोगले राम्रो होला । धार्मिक एवम् साँस्कृतिक काममा मन जाला । कर्म क्षेत्रमा सफलता प्राप्त होला । परिश्रम र साहसले लाभ प्राप्त होला ।

**कर्कट राशि**ः अष्टवास र चुनौति हटाउन गरेको प्रयासमा सफलता प्राप्त हुनेछ । इच्छाशक्ति र दृढ संकल्पका माध्यमबाट काममा पूर्णता प्राप्त होला । अनावश्यक चिन्ता नलिँदा राम्रो । रोकिएका कामहरु सम्पन्न होलान् । घरको वातावरण शान्त होला । भाग्यबल बढ्ने समय छ । धार्मिक र सामाजिक काममा समय बित्ला ।

**सिंह राशि**ः स्वास्थ्य स्थिति कमजोर रहला । खानपानमा अरुचि बढ्ला । आफन्तको भावना बुझिदिँदा राम्रो रहन्छ । व्यापार–व्यवसाय मध्यमकारक नै रहन्छ । धार्मिक एवम् सामाजिक काममा भने सरिक भइने छ । साँझेदारी काममा सजगता अपनाउँनु पर्ला । पढाइ–लेखाइ मध्यमकारक रहन्छ ।  नकारात्मक उर्जामा वृद्धि हुनेछ ।

**कन्या राशि**ः आम्दानी बढ्ला । आफन्तका बीच मिलन होला । आफ्नो जिद्धिपन भने छोड्न मन नलाग्ला । यात्रामा सरिक भइने समय छ । अध्ययन–अध्यापनमा त्यति रुचि नहोला । घर–परिवारका भावना बुझेर अगाडि बढ्दा राम्रो । कर्ममार्गमा त्यति मन नजाला । धार्मिक यात्रामा सरिक भइने छ ।

**तुला राशि**ः अरुका समस्याले आफ्नो समस्या जस्ताको त्यस्तै होला । नकारात्मक कुरालाई वर्तमान जीवनमा लागु हुन दिनु हुँदैन । मुद्धामामिलाहरु हल होलान् । आफ्नो जिद्धीपन छोड्न सकिने छैन । प्रतिष्ठामा वृद्धि होला । धार्मिक यात्रामा सरिक ।अध्ययन–अध्यापन मध्यमकारक रहला । चिन्ता बाहिरिने समय योग छ ।

**वृश्चिक राशि**ः अनुभव र ज्ञानको सदुपयोग नहोला । आर्थिक शुभताको विशेष समाचार प्राप्त होला । घरपरिवार र सन्ततिको जिम्मेवारीमा समय बित्ला । सम्झौता र करारका लागि योग्य समय छ । नोकरीमा बुद्धिको प्रयोगले लाभ होला । पढाइ–लेखाइ मध्यमकारक होलान् । धार्मिक यात्रा होला ।

**धनु राशि**ः आयस्रोत र पदप्रतिष्ठामा वृद्धि हुने समय योग छ । आर्थिक गतिविधिमा ध्यान दिनुपर्ला । व्यापार–व्यवसायमा कारोबारमा बाधा होला । जागिरमा मन अशान्त होला । इच्छाको कदर होला । सहयोगीको सहयोग प्राप्त होला । प्रेम जीवनमा गोपनियता भंग होला । धार्मिक र सामाजिक काममा सरिक भइने छ ।

**मकर राशि**ः भेटघाटमा समय व्यतित होला । सामाजिक एवं परोपकारी भावनाको विकास हुनेछ । अरुको काममा समय बित्ला । सहकार्यबाट लाभ प्रँप्त होला । आर्थिक अवस्थामा राम्रो गर्न अझैं प्रयास गर्नुपर्ला । धार्मिक एवम् सामाजिक गतिविधिमा सक्रिय भइने छ । अध्ययन–अध्यापन मध्यमकारक रहला ।

**कुम्भ राशि**ः महत्वकांक्षा बढ्ने समय योग छ । नयाँ परियोजनाका कामहरु थाल्दा राम्रो हुनेछ । प्रशासनिक कामबाट लाभ प्राप्त होला । एकान्तमा रमाइला । सामाजिक एवं परोपकारजन्य काममा सरिक भइएला । पठनपाठनका क्षेत्रमा प्रसिद्धि प्राप्त होला । व्यापार–व्यवसायमा मध्यम फलदायी समय छ ।

**मीन राशि**ः मिहिनेत र लगनशीलतामा समय व्यतित होला । महत्वकांक्षालाई थाति राख्दा राम्रो होला । व्यापार– व्यवसाय मध्यमकारक रहला । व्यक्तित्व विकासका लागि राम्रो समय छ । धार्मिक एवम् सामाजिक काममा समय व्यतित होला । घरायसी र व्यवहारिक काममा समय बित्ला । पढाइ पनि ठिकै छ ।

## गाउँखाने

१. पानी नभएको पोखरीमा माछा उफ्रन्छ ।
- मकै भुटेको

२. रुखभरि तर्ल्याङतुर्लुङ झुण्डिएको हुन्छ, फल हो कि भनौं भने बच्चा जन्मिदिन्छ ।
- चमेरो

३. रुखमा बस्छ चमेरो होइन, जटा छ जोगी होइन ।
- नरिवल

४. रुप मेरो गोलो गोलो सबैको छु प्यारो, कुद्न भने सजिलो छ लाख खान गाऱ्हो ।
- भकुण्डो

५. रुप सानै भएपछि गर्छन ठूला काम, मुख पनि विद्वान् हुन्छन् जप्दा यिनका नाम ।
- पुस्तक–पत्रिका

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण  परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# ११ जना डाक्टरलाई थप जिम्मेवारी

समाज संवाददाता

हेटौंडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको हेटौंडा अस्पतालमा विभिन्न विभागमा कार्यरत ११ जना विशेषज्ञ चिकित्सकहरुलाई थप जिम्मेवारी प्रदान गरिएको छ । ११ जना विशेषज्ञ चिकित्सकहरुले प्रतिष्ठानमा मास्टर डिग्री (एमडी) गर्ने डाक्टरहरुलाई सहयोग गर्ने सहप्राध्यापक र लेक्चररको थप जिम्मेवारी पाउनुभएको हो ।

प्रतिष्ठानले हेटौंडा अस्पतालका ४ जना डाक्टरहरुलाई सह-प्राध्यापक र ७ जना डाक्टरलाई लेक्चररको जिम्मेवारी दिएको हो । अस्पतालबाट सह-प्राध्यापकमा ११ औं तहका बालरोग विशेषज्ञ डा. हरिबहादुर खड्का र डा. राजु सेढाईं, स्त्रीरोग विशेषज्ञ डा. राघवेन्द्र ठाकुर र एनेस्थेसिया विशेषज्ञ डा. सुवासबाबु लामिछानेले सह-प्राध्यापकको जिम्मेवारी पाउनुभएको छ ।

यस्तै, ९ औं तहका एनेस्थेसिया डा. प्रशान्त बिडारी, डा. ईश्वर सिलवाल र डा. सतिश बिजुक्छे, सर्जरीतर्फ डा. निराजन श्रेष्ठ र डा. प्रकाश शाह, स्त्रीरोग विशेषज्ञ डा. बिदुर भण्डारी र रेडियोलोजिष्ट डा. सुयोग्य वाग्लेले लेक्चररको जिम्मेवारी पाउनुभएको छ । एमडी कोर्स तीन वर्षको हुनेछ ।

प्रतिष्ठानले एक जना सर्जरी, एक जना स्त्रीरोग र एक जना एमडीका सामान्य चिकित्सक गरी ३ जना प्राध्यापकको लागि विज्ञापन आह्वान गरेको छ ।

# अध्यक्षमा अग्रवाल पदस्थापित

समाज संवाददाता

हेटौंडाः रोटरी क्लब अफ मकवानपुरको अध्यक्षमा अनिल अग्रवाल पदस्थापित हुनुभएको छ । शुक्रबार हेटौंडामा एक समारोहका बीच अग्रवाललाई वर्ष २०२४/२५ का लागि अध्यक्ष पदमा पदस्थापन गरिएको हो ।

क्लबको वर्ष २०२३/२४ का अध्यक्ष अञ्जनी कुमार पराजुलीको अध्यक्षतामा पदस्थापन कार्यक्रम भएको हो । पदस्थापन पछि अध्यक्ष अग्रवालले हेटौंडामा जलनका विरामीलाई उपचार गर्ने अस्पताल स्थापना र सञ्चालनको योजना रहेको बताउनुभयो । हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई, रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष प्रकाश ढकालको पनि आतिथ्य रहेको थियो। रोटरी क्लबको कार्यकाल १ वर्षको हुनेछ । रोटरी क्लब अफ मकवानपुरमा ४८ जना सदस्य छन् ।

आफ्नो कार्यकालमा सहयोगीलाई मायाको चिनो वितरण गर्नुहुँदै वर्ष २०२३/२४ का अध्यक्ष अञ्जनी कुमार पराजुलीले सचिव पवन तिमल्सिनालाई उत्कृष्ट सदस्यको रुपमा घोषणा गर्नुहुँदै ट्रफी प्रदान गर्नुभयो ।

# चेपाङ मृत फेला

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको कालिका नगरपालिका-१०, तीन दोभानमा खोलाले बगाई बेपत्ता भएका पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ३३ वर्षीय गम्भीर चेपाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । बिहीबार चेपाङ सिद्धिबजारबाट घर तुई कराङ जाने क्रममा कयर खोलाले बगाई बेपत्ता भएका थिए । बेपत्ता चेपाङको प्रहरी र स्थानीयले खोजतलास गर्दै जाँदा शुक्रबार बिहान ६ बजेको समयमा निपुवाटारस्थित खोलाको किनारमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

# जेष्ठ नागरिक मिलन केन्द्रको उद्घाटन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर ७ मा जेष्ठ नागरिक मिलन केन्द्रको उद्घाटन गरिएको छ । शुक्रबार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले भवनको उद्घाटन गर्नुभएको हो ।

जेष्ठ नागरिकमैत्री नगर निर्माणको लक्ष्यअनुसार तयार पारिएको ४ कोठे भवनमा करिब ५० जनाको क्षमता रहेको वडा अध्यक्ष दामोदर गौतमले जानकारी दिनुभयो । ५० लाख रुपैयाँ लागतमा भवन निर्माण गरिएको उहाँले बताउनुभयो ।

जेष्ठ नागरिकका लागि सुविधायुक्त भवन ४ कठ्ठा जमिनमा निर्माण भएको हो । गौतमका अनुसार स्थानीय बलबहादुर तामाङले धेरै वर्ष अगाडि एक कठ्ठा जमिन वडालाई दान गर्नुभएको थियो । उक्त कार्यक्रममा तामाङलाई दोसल्लासहित सम्मान गरिएको थियो । कार्यक्रममा नगर प्रमुख लामाले हालै तयार भएको भवनको थप भौतिक पूर्वाधार निर्माणमा सहयोग गर्ने प्रतिबद्धता जनाउनु भएको छ ।


# पोखरीका माछा मर्दा डेढ लाखको क्षति

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा एक किसानको माछा पोखरीका सबै माछा मरेर नष्ट भएको छ । शुक्रबार बागमती-१, माझगाउँस्थित धन घिसिङले पोखरीमा पालेको माछा मरेर क्षति भएको हो ।

शुक्रबार बिहान ६ बजेको समयमा घर भन्दा २ सय मिटर पूर्व आफ्नै पोखरीमा माछालाई दाना हाल्न जाँदा सबै माछा मरेको भेटिएको थियो । पोखरीमा विषादी हालेका कारण सम्पूर्ण माछा मरेको खबर प्राप्त भएपछि प्रहरी चौकी राईगाउँबाट प्रहरी टोली खटिएको थियो । पोखरीमा कसले र किन विष हालेको भन्ने खुल्न नसकेको र अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । साना ठूला सबै माछा मरेको र डेढ लाख रुपैयाँ बराबरको माछा नष्ट भएको प्रहरीले जनाएको छ । माछा पोखरीमा बागमती गाउँपालिकाबाट पशु विज्ञसहितको टोली खटेर जाँच गर्दा पोखरीमा क्षमताभन्दा धेरै माछाहरु हालेर पालेका कारण अक्सिजनको कमी भएको र मरेको भन्ने खुलाइएको थियो ।


## हार्दिक समवेदना



जन्मः बिसं. १९९२/६/६ गते

स्व. कपुर चन्द ठकुरी

स्वर्गारोहणः २०८१ असार ३१ गते

हेटौंडा राइडर्स क्लबका संस्थापक अध्यक्ष आदरणीय दिपेन्द्र चन्द ठकुरीका पुजनीय बुबा **कपुर चन्द ठकुरी**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३ औं दिनको पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

विकास ताम्राकार, अध्यक्ष

**एवम् हेटौंडा राइडर्स क्लब परिवार**

हेटौंडा, मकवानपुर



## कर्मचारी आवश्यकता

*सुचना प्रकाशित मितिः २०८१/०४/११*

यस जागरण बचत तथा ऋण सहकारी संस्था लिमिटेडका लागि तपसिल बमोजिमको कर्मचारी आवश्यकता परेकोले संचालक समितिको मिति २०८१/०४/०८ गतेको बैठक निर्णय अनुसार दरखास्त आव्हान गरिन्छ । योग्य, ईच्छुक नेपाली नागरिकले मिति २०८१/०४/२५ गते भित्र कार्यालय समयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन नं. : ०१/०८१/०८२**

पद : कनिष्ठ सहायक
तह : पहिलो
संख्या : १ (एक) जना
शैक्षिक योग्यता : प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको वा एस.ई.ई उत्तीर्ण गरी वित्तीय संस्थामा कम्तिमा ३ बर्ष कार्य गरेको ।
उमेर : २५ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।
वाञ्छनीय योग्यता : कम्प्युटर सञ्चालनसम्बन्धी आधारभूत तालिम प्राप्त ।
सेवाको किसिम : करार
परीक्षण काल : ६ महिना
आवदेन फारम शुल्क : रु. ३००/-
तलब स्केल : संस्थाको नियमअनुसार हुनेछ ।
अन्य सुविधा : संस्थाको नियमअनुसार हुनेछ ।
आवश्यक कागजातहरु : शैक्षिक प्रमाणपत्रको प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति । (रित पुगेका निवेदनलाई मात्र परीक्षामा सम्मिलित गरिनेछ ।)
परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक ।
सम्पर्क मिति : २०८१/०४/२५ (कार्यालय समयमा)
कर्मचारी नियुक्ति भएपश्चात सामाजिक सुरक्षा कोषमा सहभागी गराइने छ ।)


(मोटरसाईकल वा स्कुटर चलाउन सक्ने र लाईसेन्स प्राप्त तथा आफ्नै साधन भएकालाई प्राथमिकता दिईनेछ । सम्पर्क नं ९८५५०७०३५६/९८५५०२७३५६

**मेनुका दाहाल**
**(व्यवस्थापक)**

**जागरण बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**मकवानपुरगढी-३, मक्रान्चुली**



# हार्दिक श्रद्धाञ्जली



जन्मः बिसं. १९९२ असोज ६ गते

स्व. कपुर चन्द ठकुरी

स्वर्गारोहणः २०८१ असार ३१ गते

यस हेटौंडा इन्फिल्डर्स मकवानपुर क्लबका निवर्तमान अध्यक्ष आदरणीय श्री दिपेन्द्र चन्द ठकुरीका पुजनीय बुबा, कपुर कम्प्लेक्सका सञ्चालक आदरणीय **कपुर चन्द ठकुरी**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३ औं दिनको पूण्यतिथि**मा स्वर्गीय बुबाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै यस दुखद् घडीमा परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**हेटौंडा इन्फिल्डर्स मकवानपुर परिवार**

हेटौंडा, मकवानपुर


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ